





"लिम्चुङबुङ ज्ञान र सिपको उज्यालो पाईला"

# लिम्चुङबुङ गाउँपालिका

## सिकारु सिप विकास कार्यक्रम

## उद्यम सदन

## कक्षा ९–१२

### शिक्षामा सिप

पाठ्यक्रम मार्गदर्शन (१०० घण्टा)

प्रयोगात्मक ७० घण्टा | सैद्धान्तिक ३० घण्टा






लिम्चुङबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

उदयपुर, कोशी प्रदेश

**प्रमुख संरक्षक**

श्री पुष्पलाल राई, कार्यवाहक अध्यक्ष

**सल्लाहकारः**

श्री मेजर कुमार राई, पुर्व गाँउपालिका अध्यक्ष

श्री सन्देश राई, प्रमुख प्रशासकिय अधिकृत

श्री जितेन्द्र राई, सामाजिक विकास समिति संयोजक

श्री जनदिप थापा मगर, वडा अध्यक्ष वडा न. एक

श्री गुरुमणी कुमाई, वडा अध्यक्ष वडा न. तिन

श्री छत्र बहादुर राई, वडा अध्यक्ष वडा न. चार

श्री कवि चन्द्र राई, वडा अध्यक्ष वडा न. पाँच

श्री गोविन्द कार्की, प्रमुख, शिक्षा यूवा तथा खेलकुद शाखा

**परिकल्पनाः**

श्री गोविन्द कार्की, प्रमुख, शिक्षा यूवा तथा खेलकुद शाखा

**पाठ्यक्रम निर्माण कार्यदलः**

| | |
|---|---|
| श्री विश्वराम राई | संयोजक |
| श्री युवराज खत्री | STEAM पाठ्यक्रम मार्गदर्न लेखन सदस्य |
| श्री लक्ष्मीदेवी कार्की | उद्यम पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |
| श्री शिवराम राई | कृषि पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |
| श्री लाल बहादुर विश्वकर्मा | ललितकला पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |

**भाषा सम्पादनः**

श्री नविन खड्का

**कम्प्युटरः**

श्री गोविन्द कार्की

श्री भुपेन्द्र कार्की

**प्रकाशकः लिम्चुङबुङ गाउँपालिका**
**उदयपुर, कोशी प्रदेश, नेपाल**
**सर्वाधिकारः प्रकाशकमा**
**प्रकाशन वर्ष : २०८३**
**मुद्रण प्रतिः २००**
**सेटिङ : सञ्जय कुमार राजवंशी**
**मुद्रकः नव दुर्गा प्रिन्टर्स, विराटनगर-११, मोरङ**

## शुभकामना मन्तव्य

राष्ट्रको सर्वाङ्गिण समुन्नति एवं सभ्यताको जननी शिक्षा हो। आजको युगमा सर्वपक्षीय अवसरका ढोकाहरू उद्धाटन गर्ने जीवनोपयोगी नैतिक अनुशासित एवं विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक एवं प्रयोगात्मक शिक्षा अनि उक्त शिक्षालाई सही मार्गदर्शन गर्न सक्ने सैद्धान्तिक शिक्षाले मात्र आजको साझा आवश्यकतालाई पुष्टि गर्ने भएकोले हामीले शिक्षामासीप कार्यक्रमलाई समेत जोड दिएका छौं।

हामीलाई पूर्ण विश्वास छ कि सिकाई र सीप एकअर्काका परिपरक हुन् सिकाइले सीपलाई परिष्कृत बनाउँछ भने सिपले सिकाइलाई जीवनोपयोगी व्यवहारिक एवं दिगो बनाउँदछ। यही परियोजनार्थ हामीले स्थानीय आवश्यकता सम्भावना स्रोत साधन एवं विज्ञहरूको सुझावलाई समेट्दै शिक्षामा सिप पाठ्यक्रम मार्गदर्शन तयार गरी कार्यान्वयनको चरणमा ल्याएका छौं ।

हामीले विश्वास गरेका छौं कि सिकाइ र सीप एकअर्काका परिपूरक पक्ष हुन्। सिकाइले सीपलाई परिष्कृत बनाउँछ भने सीपले सिकाइलाई जीवन उपयोगी, व्यवहारिक र दिगो बनाउँछ। यसै उद्देश्यलाई केन्द्रमा राखी गाउँपालिकाले स्थानीय आवश्यकता, सम्भावना, स्रोतसाधन तथा विज्ञहरूको सुझावलाई समेट्दै “शिक्षामा सीप पाठ्यक्रम मार्गदर्शन” तयार गरी कार्यान्वयनको चरणमा ल्याएको छ। यो मार्गदर्शन केवल एउटा पुस्तक मात्र होइन, लिम्चुङबुङको शैक्षिक रूपान्तरणको साझा संकल्प र भविष्यको मार्गचित्र पनि हो। गाउँपालिकाभित्र रहेका ३४ वटा विद्यालयमा क्रमशः कार्यान्वयन गरिने यस कार्यक्रमअन्तर्गत कक्षा १—३ मा आधारभूत तहको पाठ्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरिएको छ। त्यसैगरी कक्षा ४—८ र कक्षा ९—१२ लाई दुईवटा समूहमा विभाजन गरी सीपमा आधारित पाठ्यक्रम मार्गदर्शन तयार गरिएको छ। यसले विद्यालय शिक्षालाई अझ बढी व्यवहारिक, उत्पादनमुखी, अनुसन्धानमुखी र जीवनोपयोगी बनाउने अपेक्षा गरिएको छ।

विशेषतः “उद्यम सदन”, “कृषि सदन”, “ललितकला सदन” र “STEAM सदन” गरी चारवटा आधार स्तम्भमार्फत यस पाठ्यक्रमको संरचना निर्माण गरिएको छ। कृषि सदनले बालबालिकालाई नर्सरी व्यवस्थापन, उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा प्राकृतिक र रैथाने कृषिको संरक्षण र प्रवर्द्धनसँग जोड्नेछ। उद्यम सदनले स्थानीय उत्पादनलाई उद्यमशील सोच, नवप्रवर्तन र बजार व्यवस्थापनसँग जोड्दै स्वरोजगार र आर्थिक आत्मनिर्भरताको आधार निर्माण गर्नेछ। ललितकला सदनले स्थानीय कला, संस्कृति, परम्परा र सिर्जनशीलतालाई आधुनिक सन्दर्भसँग जोडेर बालबालिकाको सृजनात्मक क्षमताको विकास गर्नेछ। साथै STEAM सदनले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितको एकीकृत प्रयोगमार्फत स्थानीय ज्ञान र सीपलाई विश्वव्यापी अवसरहरूसँग जोड्ने सेतुको भूमिका निर्वाह गर्नेछ।

यस महत्वपूर्ण पाठ्यक्रम मार्गदर्शन निर्माणका क्रममा अमूल्य सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरू, शिक्षा क्षेत्रका विज्ञहरू, विद्यालय परिवार, अभिभावक तथा समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। विशेष गरी पाठ्यक्रम लेखन तथा विकास कार्यमा प्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण लेखक, प्राविधिक टोली तथा कार्यदलका सदस्यहरूप्रति हार्दिक आभार तथा सम्मान व्यक्त गर्दछु। यस अवधारणालाई व्यवहारमा उतार्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने शिक्षा, युवा तथा खेलकुद शाखाप्रति पनि विशेष धन्यवाद ज्ञापन गर्दछु।

यस कार्यक्रमका वास्तविक कार्यान्वयनकर्ता हाम्रा शिक्षकहरू हुनुहुन्छ। शिक्षकहरूको सिर्जनशीलता, समर्पण र मेहनतले नै यस पाठ्यक्रमलाई जीवन्त बनाउनेछ। साथै अभिभावक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि तथा सम्पूर्ण समुदायले यसको अपनत्व ग्रहण गरी सहकार्य गर्नुभयो भने यो अभियान अझ प्रभावकारी, दिगो र रूपान्तरणकारी बन्ने विश्वास लिएको छु।

अन्त्यमा, “शिक्षामा सीप पाठ्यक्रम मार्गदर्शन” लिम्चुङबुङ गाउँपालिकाको शैक्षिक इतिहासमा एउटा महत्वपूर्ण कोशेढुङ्गा सावित होस्, यसले हाम्रा बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याओस् तथा समृद्ध लिम्चुङबुङ निर्माणको अभियानलाई थप ऊर्जा प्रदान गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**पुष्पलाल राई**
गाउँपालिका अध्यक्ष
लिम्चुङबुङ गाउँपालिका, उदयपुर

## दुई शब्द

शिक्षा समाजको ऐना मात्र होइन, राष्ट्र निर्माणको आधार पनि हो। शिक्षा सार्वजनिक सम्पत्ति भएकाले यसको गुणस्तर, उपयोगिता र प्रभावकारिता सुनिश्चित गर्नु हामी सबैको साझा दायित्व हो। नेपालको राष्ट्रिय पाठ्यक्रमले शिक्षालाई सीपसँग जोड्ने उद्देश्य लिएको भए तापनि व्यवहारिक कार्यान्वयनका पक्षमा अझै धेरै काम गर्नुपर्ने अवस्था विद्यमान छ। यही यथार्थलाई आत्मसात गर्दै लिम्चुङबुङ गाउँपालिकाले बालबालिकाको सिकाइलाई जीवनोपयोगी, व्यवहारिक र उत्पादनमुखी बनाउने उद्देश्यका साथ "शिक्षामा सीप" कार्यक्रम अन्तर्गत यो पाठ्यक्रम मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याएको छ। हाम्रो विश्वास छ'सिकाइ र सीप एकअर्काका परिपूरक पक्ष हुन्। सीपविहीन शिक्षा अपूर्ण हुन्छ भने शिक्षाविहीन सीप दीर्घकालीन रूपमा प्रभावकारी बन्न सक्दैन। त्यसैले बालबालिकालाई सानै उमेरदेखि सीप, कला, उद्यमशीलता र नवप्रवर्तनसँग जोड्नु आजको आवश्यकता हो।

कृषिको प्रचुर सम्भावना रहेको हाम्रो गाउँपालिकामा कृषि सदनमार्फत बालबालिकाले नर्सरी व्यवस्थापन, कृषि डिजाइन, उत्पादन, भण्डारण, बजारीकरण, उद्यमशीलता तथा व्यावसायिक सोचका आधारभूत ज्ञान र सीप हासिल गर्नेछन्। यसले कृषिलाई केवल परम्परागत पेशाका रूपमा नभई सम्मानित, आधुनिक र सम्भावनायुक्त व्यवसायका रूपमा बुझ्न सहयोग गर्नेछ।

त्यसैगरी उद्यम सदनले आयआर्जन, बचत, लगानी, उद्यमशील सोच तथा स्थानीय उत्पादनलाई बजारसँग जोड्ने सीप विकासमा योगदान पुऱ्याउनेछ। हामी केवल उपभोक्ता होइनौं, सृजनशील उत्पादक र उद्यमी नागरिक बन्न सक्छौं भन्ने आत्मविश्वास बालबालिकामा विकास गर्नु यस कार्यक्रमको महत्वपूर्ण लक्ष्य हो।

ललितकला सदनले स्थानीय कला, संस्कृति, भाषा, परम्परा र मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्दै "लोकल टु ग्लोबल" अवधारणालाई आत्मसात गर्नेछ। यसले हाम्रा मौलिक सम्पदालाई आधुनिक सन्दर्भसँग जोड्दै नयाँ पुस्तामा सिर्जनशीलता र सांस्कृतिक गर्वको भावना विकास गर्ने अपेक्षा गरिएको छ।

STEAM सदनमार्फत बालबालिकाले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितको एकीकृत प्रयोग गर्दै कृत्रिम बुद्धिमत्ता (AI), कम्प्युटिङ, डिजिटल नवप्रवर्तन, आविष्कार तथा स्थानीय ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्ने अवसर प्राप्त गर्नेछन्। यसले उनीहरूलाई भविष्यका चुनौती र अवसर सामना गर्न सक्षम बनाउनेछ।

यस कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष भनेको समुदायमा रहेका ज्ञान, सीप, अनुभव र विज्ञतालाई विद्यालय शिक्षासँग जोड्ने "Community to School Interconnectedness" को अवधारणा हो। समुदाय र विद्यालयबीचको सहकार्यबाट सिकाइलाई अझ जीवन्त, सान्दर्भिक र विश्वस्तरीय बनाउन सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ।

गाउँपालिकाका ३४ वटा विद्यालयमा अध्ययनरत करिब २,२०० बालबालिकालाई सीप र सिकाइसँग जोड्ने अभियानमा कृषि सदन, उद्यम सदन, ललितकला सदन र STEAM सदन महत्वपूर्ण कोशेढुङ्गा सावित हुनेछन् भन्ने पूर्ण विश्वास लिएको छु।

अन्त्यमा, यस पाठ्यक्रम मार्गदर्शन निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण लेखन समिति, विज्ञ, सरोकारवाला तथा सहयोगी महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै यस अभियानको नेतृत्वदायी भूमिका निर्वाह गर्ने शिक्षा शाखाप्रति विशेष आभार प्रकट गर्दछु। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायबाट निरन्तर सहयोग र समन्वय प्राप्त हुनेछ भन्ने अपेक्षा सहित यस कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**जय लिम्चुङबुङ।**

**सन्देश राई**

प्रमुख प्रशासकीय अधिकृत

लिम्चुङबुङ गाउँपालिका, उदयपुर

# शुभकामना मन्तव्य

शिक्षा केवल परीक्षा उत्तीर्ण गर्ने माध्यम होइन, जीवनलाई सक्षम, सिर्जनशील, आत्मनिर्भर र जिम्मेवार बनाउने आधार हो। आजको समयले बालबालिकालाई केवल पुस्तकको ज्ञान मात्र होइन, व्यवहारिक सीप, सिर्जनशीलता, समस्या समाधान गर्ने क्षमता र उद्यमशील सोच पनि आवश्यक बनाएको छ। यही आवश्यकतालाई मध्यनजर गर्दै लिम्चुङबुङ गाउँपालिकाले **"ज्ञान र सीपका उज्याला पाइला"** अभियानअन्तर्गत **"शिक्षामा सीप" पाठ्यक्रम मार्गदर्शन** तयार गरी कार्यान्वयनमा ल्याएको छ।

लिम्चुङबुङ गाउँपालिका प्राकृतिक, सांस्कृतिक तथा स्थानीय स्रोत साधनले सम्पन्न क्षेत्र हो। यहाँ उपलब्ध कृषि, वन, जैविक विविधता, कला, संस्कृति, परम्परागत ज्ञान तथा स्थानीय सीपलाई विद्यालय शिक्षासँग जोड्दै बालबालिकालाई सिकाइसँगै जीवनोपयोगी सीप विकास गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो। स्थानीय सामग्रीको प्रयोग गर्दै सिक्ने, गरेर सिक्ने र उत्पादनसँग जोडिने शिक्षा नै यस पाठ्यक्रमको मूल आधार हो।

नेपालको संविधान, पन्ध्रौं तथा सोह्रौं योजनाका लक्ष्यहरू, राष्ट्रिय शिक्षा नीति तथा विद्यालय शिक्षासम्बन्धी नीतिहरूले पनि शिक्षामा सीप, उद्यमशीलता र उत्पादनमुखी शिक्षालाई विशेष महत्व दिएका छन्। विद्यालय पाठ्यक्रममा ज्ञान सीप अभिवृति विकासका विषय समावेश भए पनि सिपको (Hard skill and Soft skill) व्यवहारिक कार्यान्वयन अपेक्षाअनुसार हुन सकेको छैन। यही खाडललाई कम गर्दै विद्यालयमा सीपमूलक सिकाइलाई प्रभावकारी बनाउने विश्वासका साथ यो पाठ्यक्रम मार्गदर्शन तयार गरिएको हो।

हालको मूल्याङ्कन प्रणालीअनुसार कक्षा ६ देखि ८ सम्म ५० प्रतिशत र कक्षा ९ देखि १२ सम्म २५ प्रतिशत आन्तरिक मूल्याङ्कन प्रयोगात्मक, परियोजना तथा सिर्जनात्मक कार्यमा आधारित रहेको व्यवस्था छ। यस व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यो पाठ्यक्रम मार्गदर्शन कोशेढुङ्गा साबित हुनेछ भन्ने विश्वास लिएको छु।

यस मार्गदर्शनमार्फत **कृषि सदन, उद्यम सदन, ललितकला सदन र STEAM सदन** गरी चारवटा सदन सञ्चालन गरिनेछन्। यी सदनहरूले स्थानीय ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्दै विद्यार्थीमा सीप, उत्पादन, नवप्रवर्तन, उद्यमशीलता र नेतृत्व क्षमता विकास गर्न महत्वपूर्ण भूमिका खेल्नेछन्। उत्पादनदेखि बजारीकरण, रोजगारी र स्वरोजगारसम्मको यात्रामा विद्यार्थीलाई तयार पार्दै समृद्ध समाज र समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याउने हाम्रो लक्ष्य रहेको छ।

गाउँपालिकामा शैक्षिक जनशक्तिको सीमितता रहेको अवस्थामा समुदायमा रहेका दक्ष किसान, उद्यमी, कलाकार, प्राविधिक, ज्येष्ठ नागरिक तथा विभिन्न क्षेत्रका विज्ञहरूको ज्ञान र अनुभवलाई विद्यालयसँग जोड्ने **Community Wisdom** को अवधारणाले विद्यालय र समुदायबीचको सहकार्यलाई अझ सुदृढ बनाउने विश्वास लिएको छु।

यो पाठ्यक्रम मार्गदर्शन निर्माणका क्रममा महत्वपूर्ण सुझाव, सहयोग र सहकार्य गर्नुहुने सम्माननीय गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, शिक्षा समितिका पदाधिकारीहरू, लेखक कार्यदल, शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

लिम्चुङबुङ गाउँपालिकाका सबै विद्यालयमा यो पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भई प्रत्येक विद्यार्थी ज्ञानसँगै सीपयुक्त, सिर्जनशील, उत्पादनमुखी र आत्मनिर्भर नागरिकका रूपमा विकसित हुनेछन् भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु। यस अभियानको सफलताका लागि सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा सरोकारवालाको निरन्तर साथ, सहयोग र अपनत्व रहने अपेक्षा गर्दछु।

**धन्यवाद।**

**गोविन्द कार्की**
प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा
लिम्चुङबुङ गाउँपालिका, उदयपुर

## विषय सूची

उद्यम
परिचय
लक्ष्य
उद्देश्य
पाठ्यक्रमको वर्णन
तालिम अवधि
लक्षित समूह
लक्षित स्थान
विद्यार्थी संख्या
प्रशिक्षणको भाषा
विद्यार्थी उपस्थिति
प्रशिक्षकको योग्यता
प्रशिक्षक विद्यार्थीको अनुपात
प्रशिक्षण विधि
विद्यार्थी मुल्याङ्कन
प्रशिक्षण समबन्धी सुझाव
उद्यम व्यवसाय पाठ्यक्रम
पाठ्यक्रम संरचना
मोड्युल १ : बासबाट बनाइने सामग्री
मोड्युल २ : कागजबाट बनाइने सामग्री
मोड्युल ३ : पराल वा मकैको खो स्टा र खरबाट बनाइने सामग्री
मोड्युल ४ : धागो वा ऊनीबाट बनाइने सामग्री
मोड्युल ५ : दुना टप्परी निर्माण
मोड्युल ६ : अचार बनाउने

**परिचय :**

जीविकाका लागि गरिने उपार्जन वा कुनै उद्देश्यको सिद्धिका लागि गरिने शारीरिक कार्य वा व्यापार, उद्योग, मेहनत, परिश्रम, पेशा रोजगार र इलम आदि लाई उद्यम भनिन्छ ।

यो पाठ्यक्रम मार्गदर्शनमा उद्यम सम्बन्धि ज्ञान तथा सीपहरू समावेश गरिएको छ । यस पाठ्यक्रमले विद्यार्थीहरुलाई उद्यम सम्बन्धि व्यवहारिक सिपलाई पहिलो प्राथमिकता दिएर प्रयोगात्मक अभ्यास मार्फत सिप प्राप्त गर्नु र दक्ष हुन मार्ग निर्देशन गर्दछ ।

लक्ष्य : कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरुलाई उनीहरूको रुची भएको विषयसँग सम्बन्धित आधारभूत ज्ञान, सिप प्रदान गर्ने ।

**उद्देश्य :**

यस पाठ्यक्रम मार्गदर्शनमा आधारित रहेर सञ्चालित प्रयोगात्मक तथा व्यावहारिक कार्यक्रम सम्पन्न गरिसकेपछि निम्न कार्य गर्न सक्षम हुनेछन् ।

१. बाँसबाट बनाइने सामाग्रीहरु निर्माण जस्तै डोको,डालो, नाङ्लो, न्याक................ आदि

२. कागजबाट बन्ने सामग्री निर्माण

३. पराल, खर, तथा खोस्टाबाट बन्ने सामाग्री निर्माण जस्तै गुन्द्री, पिरा,ढाकि............... आदि

४. धागो वा ऊनीबाट बन्ने सामाग्री निर्माण गर्ने जस्तै झोला, टोपी गलबन्दी, मोजा , पन्जा ........ आदि

५. दुना-टपरी निर्माण

६. अचार बनाउने

**पाठ्यक्रमको वर्णन :**

यो पाठ्यक्रममा उद्यम सँग सम्बन्धित कार्यमा आधारित छ । उक्त कार्यलाई विभिन्न मोड्युलमा समावेश गरिएको छ । (पाठ्य संरचना हेर्नुहोस् )

**प्रयोगात्मक कार्य अवधि :**

१०० घण्टा

**लक्षित रामूह :**

कक्षा ९-१२ मा अध्ययनरत

**लक्षित स्थान:**

विद्यालय

**विद्यार्थी संख्या :**

एक समूहमा २० जना

**प्रशिक्षणको भाषा :**

प्रशिक्षणको भाषा नेपाली वा स्थानीय/ मातृभाषा हुनेछ । यद्यपि, छलफल, प्राविधिक शब्दावलीहरु अंग्रेजीमा उल्लेख हुन सक्नेछन् ।

**विद्यार्थी उपस्थिति :**

सिकाई अवधिभर विद्यार्थीको उपस्थिति प्रत्येक मोड्यूलमा कम्तिमा ९० % पुगेको हुनुपर्नेछ ।

**प्रशिक्षकको योग्यता :**

सम्वन्धित विषयको विशेषज्ञ / विज्ञ प्रशिक्षक

**प्रशिक्षक विद्यार्थीको अनुपात :**

प्रयोगात्मक कक्षाको लागि १:१५
सैद्धान्तिक कक्षाको लागि १:२०

**प्रशिक्षण विधि :**

यस पाठ्यक्रम मार्गदर्शनमा आधारित रहेर प्रयोगात्मक / व्यवहारिक सिपको लागि छलफल, प्रदर्शन, समूह कार्य, व्यवहारिक कार्य

**विद्यार्थी मुल्याङ्कन् :**

विद्यार्थीले प्राप्त गरेको सीपको मुल्याङकन नियमित रूपमा गर्नुपर्नेछ ।

**प्रशिक्षण सम्बन्धि सुझाव :**

१. प्रशिक्षणपूर्व पाठ्यक्रम मार्गदर्शन पूर्ण रुपमा अध्ययन गरी पाठयोजना तयार गर्ने, गराउने ।
२. प्रश्नोत्तर सत्र (Question Answer Session) को व्यवस्था गर्ने ।
३. ७० प्रतिशत समय अभ्यासका लागि छुट्याउने ।
४. पाठ्यक्रमका बारेमा विद्यार्थीहरुलाई जानकारी गराउने ।
५. विद्यार्थी स्पष्ट नहुन्जेलसम्म प्रशिक्षकले सैद्धान्तिक विषयवस्तुलाई प्रभावकारी ढङ्गबाट प्रशिक्षण गर्ने र सीप प्रदर्शन गर्ने ।
६. पर्याप्त मात्रामा अभ्यास गराउने र विद्यार्थीहरुलाई अन्तर्क्रिया गर्न प्रोत्साहित गर्ने ।
७. विद्यार्थी केन्द्रित सिकाइ पद्धति अवलम्बन गर्ने ।
८. विद्यार्थीलाई पर्याप्त सिकाइ सामग्री उपलब्ध गराउने
९. विद्यार्थीलाई नियमित उपस्थितिका लागि प्रोत्साहन गर्ने र उनीहरुको हाजिरी अभिलेख राख्ने

## पाठ्यक्रम संरचना

**व्यावहारिक सीपको नाम :** उद्यम

**समय :** सैद्धान्तिक ३० घण्टा+ व्यवहारिक ७० घण्टा =१०० घण्टा

| मोड्युल | शिर्षक | स्वभाव | सैद्धान्तिक | व्यवहारिक | जम्मा |
|---|---|---|---|---|---|
| १. | बाँसबाट बनाइने सामग्री | सैद्धान्तिक व्यवहारिक | ६ | १४ | २० |
| २. | कागजबाट बनाइने सामग्री | सैद्धान्तिक व्यवहारिक | ४.५ | १०.५ | १५ |
| ३. | पराल वा मकैको खोस्टा र खरबाट बनाइने सामग्री | सैद्धान्तिक व्यवहारिक | ५.४ | १२.६ | १८ |
| ४. | धागो वा ऊनीबाट बनाइने सामग्री | सैद्धान्तिक व्यवहारिक | ४.८ | ११.२ | १६ |
| ५. | दुना टप्परी निर्माण | सैद्धान्तिक व्यवहारिक | ४.५ | १०.५ | १५ |
| ६. | अचार बनाउने | सैद्धान्तिक व्यवहारिक | ४.८ | ११.२ | १६ |
| | | जम्मा | ३० | ७० | १०० |

**मोड्युल १. बाँसबाट बन्ने सामाग्री निर्माणको पाठयक्रम**

| |
|---|
| **विवरण (Descripation) :** बाँसबाट बनाइने सामाग्री निर्माण गर्दा पाठ्यक्रम मार्गदर्शनको आधारमा रही समूहका विद्यार्थीहरूलाई बाँसबाट बन्ने विभिन्न सामग्रीहरूको सैद्धान्तिक ज्ञानका साथै बाँसबाट बन्ने सामग्री जस्तै डोको, डालो, न्याक, चुरुङ्गी............ आदिको बारेमा व्यवहारिक सिप समाबेश गरिएको छ । |
| **परिणाम (Outcome):** यस पाठ्यक्रम मार्गदर्शनमा निर्हित रहेर सैद्धान्तिक र व्यवहारिक वा प्रयोगात्मक ज्ञान दिइसकेपछि विद्यार्थीहरूले यस क्षेत्रसँग सम्बन्धित सीपबाट डोको, डालो, न्याक, चुरुङ्गी .... आदि निर्माण गरि आयआर्जन गर्न सक्नेछन्। |
| **निर्देशनहरू (Instruction) :**<br>१. यो कार्यमा एकपटकमा समूहका सबै विद्यार्थीहरूलाई व्यावहारिक वा प्रयोगात्मक सीप सिकाउन सकिन्छ।<br>२. सबै विद्यार्थीहरूको समान सहभागिता हुने किसिमले प्रयोगात्मक क्रियाकलाप गराउनुपर्नेछ। |
| **समय (Duration) :** २० घण्टा |
| |

| विषयहरु | | कार्य र गतिविधि | समय |
|---|---|---|---|
| १. डोको बुन्ने | क) सैद्धान्तिक ज्ञान (१.८ घण्टा) | १. समूहका सबै विद्यार्थीहरूलाई ध्यानाकर्षण गराउँदै उद्यमको परिचय, उद्यम व्यवसायको धारणा र महत्त्व, व्यावसायिक अवसरको पहिचान, व्यवसाय र परिवार बिचको सम्बन्ध, लागत तथा बिक्रि मूल्य निर्धारण, बिक्रि तथा लागत योजना आदिको बारेमा बृहत छलफल गर्ने<br>२. डोको बुन्ने सिपको बारेमा सैद्धान्तिक ज्ञान दिने । | ६ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (४.२ घण्टा) | १. डोको बुन्नका लागि आवश्यक सामग्रीहरू (खुकुरी,बाँस, चोया, कर्द जस्ता सामग्री तयार गर्ने ।<br>२. डोका बुन्न विज्ञ व्यक्तिबाट सबै विद्यार्थीहरूलाई डोको बुन्न सिकाउन सुरु गर्ने । | |
| २. न्याक बनाउने | क) सैद्धान्तिक ज्ञान (२.१ घण्टा) | १. विद्यार्थीहरूलाई न्याकको परिचय र महत्त्वको बारेमा सैद्धान्तिक ज्ञान दिने ।<br>२ र्याक बनाउन स्थानीय विज्ञ बोलाएर यसको महत्त्व तथा आवश्यक सामग्री तयार गर्ने र बनाइसकेपछी सिपसङ्ग जोड्ने। | ७ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (४.९ घण्टा) | १.न्याक बनाउन आवश्यक सामग्री (बाँस, खुकुरी, काँटी, हथौडा,भाटा आदि) तयार गर्ने ।<br>२.विद्यार्थीहरूलाई न्याक बनाउन लगाउने, शिक्षकले सहजीकरण गरिदिने । | |
| ३. चुरुङ्गी बनाउने | क) सैद्धान्तिक ज्ञान (२.१ घण्टा ) | १. विद्यार्थीहरूलाई चुरुङ्गीको बारेमा प्रश्न गर्ने उनीहरूको उत्तरलाई ध्यान दिँदै चुरुङ्गीको परिचय र महत्त्व बताइदिने । | ७ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (४.९ घण्टा) | २. चुरुङ्गी बनाउन आवश्यक सामग्री बाँस, चोया, कर्द, खुकुरी आदि) तयार गर्ने ।<br>३. एउटा चुरुङ्गी प्रदर्शन गर्ने ।<br>४. विद्यार्थीहरूलाई चुरुङ्गी बनाउन लगाउने। | |
| ४. नाङ्लो बनाउने | क) सैद्धान्तिक ज्ञान | १.<br>२. | |
| | ख) व्यवहारिक ज्ञान | ३.<br>४. | |
| | क)सैद्धान्तिक ज्ञान | १.<br>२. | |

| | | | |
|---|---|---|---|
| ५.सिन्का तथा काइयो बनाउने | ख)व्यवहारिक ज्ञान | ३.<br>४. | |
| ६. बाँसुरी / मुरली बनाउने | क)सैद्धान्तिक ज्ञान | १.<br>२. | |
| | ख)व्यवहारिक ज्ञान | ३.<br>४. | |

नोट : यसैगरी ठाउँ र विद्यालयको स्रोत साधन अनुसार अन्य सामान पनि निर्माण गर्न सकिन्छ ।

**सुरक्षा साबधानी (Safety Precautions) :**

- यस मोड्युलमा प्रयोग भएका सामानहरु सुरक्षित ठाउँमा राख्ने
- तिखा तथा धारिला सामग्री प्रयोग गर्दा साबधानी अपनाउने

**मोड्युल २. कागजबाट बनाउने सामग्री निर्माणको पाठ्यक्रम**

| |
|---|
| **विवरण (Descripation) :** पाठ्यक्रम मार्गदर्शनका आधारमा रहेर यस समूहका विद्यार्थीलाई कागजबाट बन्ने विभिन्न सामग्रीहरूको सैद्धान्तिक ज्ञानका साथै कागजबाट बन्ने सामग्री जस्तै फूल, खेलौना आदिको बारेमा व्यवहारिक सीप समाबेश गरिएको छ । |
| **परिणाम (Outcome):** यस पाठ्यक्रम मार्गदर्शनमा निहित रहेर कागजबाट बन्ने सामग्रीको सैद्धान्तिक र व्यवहारिक ज्ञान दिइसकेपछि विद्यार्थीहरू यसको महत्व बुझी कागजबाट विभिन्न सामग्री निर्माण गरी आयआर्जन गर्न सक्नेछन् । |
| **निर्देशनहरू (Instruction) :**<br>१. यस कार्यमा समूहमा समूहका सबै विद्यार्थीहरूलाई व्यवहारिक सीप सिकाउन सकिन्छ ।<br>२. सबै विद्यार्थीहरूको समान सहभागिता हुने किसिमले प्रयोगात्मक क्रियाकलाप गराउनुपर्नेछ । |
| **समय (Duration) :** १५ घण्टा |

| विषयहरु | | कार्य र गतिविधि | समय |
|---|---|---|---|
| १.फुल बनाउने | क) सैद्धान्तिक ज्ञान (२.२५ घण्टा) | १.कागजको फूल फुलको चित्रको परिचय र महत्त्वको बारेमा छलफल गर्ने, प्रश्न गर्ने र यसको बारेमा प्रष्ट पारिदिने । | ७.५ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (५.२५ घण्टा) | १. कागजको फूल प्रदर्शन गर्ने ।<br>२. कागज तयार गरी फुल बनाउन लगाउने । | |

| | | | |
|---|---|---|---|
| २.खेलाउना बनाउने | क)सैद्धान्तिक ज्ञान (२.२५ घण्टा) | १.विद्यार्थीहरूलाई उनीहरूले देखेका विभिन्न खेलौनाको बारेमा भन्न लगाउने र कागजबाट बन्ने खेलाउनको परिचय र महत्त्व बताउने। | ७.५ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (५.२५ घण्टा ) | १. कागजबाट बनेको कुनै खेलौनाको नमुना प्रदर्शन गर्ने।<br>२. विद्यार्थीहरूलाई त्यस्तै खेलाउन बनाउन लगाउने। | |
| ३. कागजको बल बनाउने | क)सैद्धान्तिक ज्ञान | १.<br>२. | |
| | ख) व्यवहारिक ज्ञान | १.<br>२. | |

नोट : यसैगरी ठाउँ र विद्यालयको स्रोत साधन अनुसार कागजबाट अन्य सामान पनि निर्माण गर्न सकिने छ।

**सुरक्षा साबधानी (Safety Precautions) :**

- यस मोड्युलमा प्रयोग भएका सामानहरु सुरक्षित ठाउँमा राख्ने
- तिखा तथा धारिला सामग्री प्रयोग गर्दा साबधानी अपनाउने

**मोड्युल ३. पराल, खोस्टा, खर वा अम्लिसोबाट बन्ने सामग्री निर्माणको पाठ्यक्रम**

| |
|---|
| **विवरण (Descripation) :** पराल, खोस्टा, खर वा अम्लिसोबाट बन्ने सामग्री निर्माण गर्दा पाठ्यक्रम मार्गदर्शनको आधारमा रहेर यस समूहका विद्यार्थीहरूलाई पराल, खोस्टा, खर वा अम्लिसोबाट बन्ने विभिन्न सामग्रीको सैद्धान्तिक ज्ञानका साथै पराल, खोस्टा, खर वा अम्लिसोबाट बन्ने विभिन्न सामग्री गुन्द्री, चप्पल, पिरा, ढक्की, कुचो आदिको बारेमा व्यावहारिक सिप समावेश गरिएको छ। |
| **परिणाम(Outcome):** यस पाठ्यक्रममा निहित रहेर सैद्धान्तिक र व्यावहारिक ज्ञान दिइसकेपछि पराल, खोस्टा र खरबाट बन्ने विभिन्न सामग्री निर्माण गरी बिक्री वितरण गरी आयआर्जन गर्न सकिन्छ। |
| **निर्देशनहरू (Instruction) :**<br>१. निर्देशन यो कार्यमा एकैपटकमा समूहका सबै विद्यार्थीहरूलाई प्रयोगात्मक सीप सिकाउन सकिन्छ।<br>२. सबै विद्यार्थीहरूको समान सहभागिता हुने किसिमले प्रयोगात्मक क्रियाकलाप गराउनुपर्नेछ। |
| **समय (Duration) :** १८ घण्टा |

| विषयहरु | | कार्य र गतिविधि | समय |
|---|---|---|---|
| १.गुन्द्री बनाउने | क) सैद्धान्तिक ज्ञान (१.८ घण्टा) | १. विद्यार्थीहरूलाई गुन्द्रीको बारेमा प्रश्न गर्ने र देखे नदेखेको सोध्ने र उनीहरूको उत्तरलाई ध्यान दिँदै परालको गुन्द्रीको परिचय दिँदै र यसको महत्व बताउने। जस्तै अरु गुन्द्रीभन्दा यो जाडोको समयमा तातो हुने आयआर्जन गर्न सकिने। | |

| | | | |
|---|---|---|---|
| | ख) व्यवहारिक ज्ञान (४.२ घण्टा) | १. गुन्द्री बुन्न आवश्यक पर्ने सामग्री (पराल, डोरी, बाँस वा काठ हतासो, सुत्री, काठको पिरा आदि ) तयार गर्न लगाउने<br>२. गुन्द्रीको तान लगाउन सिकाउने ।<br>३. पालै पालो गुन्द्री बुन्न लगाउने । | ६ घण्टा |
| २.पिरा बुन्ने | क)सैद्धान्तिक ज्ञान (१.८ घण्टा) | १. विद्यार्थीहरूलाई पिराको प्रयोगको बारेमा प्रश्न गर्ने ।<br>२. विद्यार्थीहरूको उत्तरलाई पृष्ठपोषण दिँदै पिराको परिचय र महत्त्वको बारेमा बताइदिने । | ६ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (४.२ घण्टा) | १. कुनै एउटा परालको पिराको प्रदर्शन गर्ने ।<br>२. खोस्टाको पिराको प्रदर्शन गर्ने ।<br>३.विभिन्न प्रकारका पिराहरू बुन्न लगाउने । | |
| ३. ढक्की बुन्ने | क) सैद्धान्तिक ज्ञान (१.८ घण्टा) | १. ढक्कीको प्रयोगको बारेमा विद्यार्थीहरुलाई प्रश्न गर्ने<br>२.उनीहरूको उत्तरलाई पृष्ठपोषण दिँदै ढक्कीको परिचय दिने र यसको प्रयोग र महत्त्वको बारेमा बताउने । | ६ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (४.२ घण्टा) | १. कुनै एउटा ढक्की प्रदर्शन गर्ने ।<br>२. ढक्की बुन्नको लागि आवश्यक सामग्री पराल सुत्री वा डोरी तयार गर्ने ।<br>३. सबै विद्यार्थीहरूलाई ढक्की बुन्न लगाउने । | |
| ४. चप्पल बुन्ने | क) सैद्धान्तिक ज्ञान | | |
| | ख) व्यवहारिक ज्ञान | | |
| ५. कुचो बनाउने | क) सैद्धान्तिक ज्ञान | | |
| | ख) व्यवहारिक ज्ञान | | |

नोट : यसैगरी ठाउँ र विद्यालयको स्रोत साधन अनुसार पराल, खोस्टा, खर वा अम्लिसोबाट अन्य सामान पनि निर्माण गर्न सकिने छ ।

**सुरक्षा साबधानी (Safety Precautions) :**

- यस मोड्युलमा प्रयोग भएका सामानहरु सुरक्षित ठाउँमा राख्ने
- तिखा तथा धारिला सामग्री प्रयोग गर्दा साबधानी अपनाउने

## मोड्युल ४. धागो वा ऊनबाट बनाइने सामग्रीको पाठ्यक्रम

| |
|---|
| **विवरण (Descripation) :** पाठ्यक्रम मार्गदर्शनको आधारमा रहेर यस समूहका विद्यार्थीहरूलाई धागोबाट बन्ने विभिन्न सामग्रीहरूको सैद्धान्तिक ज्ञानका साथै धागो वा ऊनबाट बन्ने विभिन्न सामग्री (जस्तै टोपी, झोला, टेबलपोष, गलबन्दी, पन्जा, मजा आदि) को व्यावहारिक सीप सामबेश गरिएको छ। |
| **परिणाम (Outcome):** यस पाठ्यक्रम मार्गदर्शनमा निहित रहेर ऊनी वा धागोबाट बन्ने सामग्रीको सैद्धान्तिक र व्यावहारिक ज्ञान दिइसकेपछि विद्यार्थीहरूले यसको महत्त्व बुझी यसको बारेमा खोज अनुसन्धान गरी थप तालिम लिई विभिन्न सामान बुनेर बिक्री वितरण गरी आयआर्जन गर्न सक्नेछन्। |
| **निर्देशनहरू (Instruction) :**<br>१.यस कार्यमा समूहका सबै विद्यार्थीलाई व्यवहारिक सिप सिकाउन सकिन्छ।<br>२.सबै विद्यार्थीहरूको समान सहभागिता हुने किसिमले practical activities गराउनुपर्नेछ। |
| **समय (Duration) :** १६ घण्टा |

| विषयहरु | | कार्य र गतिविधि | समय |
|---|---|---|---|
| १.टोपी बुन्ने | क) सैद्धान्तिक ज्ञान (१.५९ घण्टा) | १. विद्यार्थीहरूलाई क-कसले टोपी लगाउनुभएको छ र कस्तो टोपी लगाउनुभएको छ ? घरमा क-कसले प्रयोग गर्नुभएको छ ? सोध्ने छलफल गर्ने,<br>२. टोपीको महत्व जस्तै नेपालको राष्ट्रिय पोशाकमा ढाकाटोपी,जाडोमा ऊनको टोपीको बारेमा बताइदिने। | ५.३३ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (३.७३ घण्टा) | १. कुनै ऊनीको टोपी प्रदर्शन गर्ने धागोको टोपी प्रदर्शन गर्ने।<br>२. टोपी बुन्न आवश्यक पर्ने सामग्री (ऊनी, धागो, कुरुष, काँटा, बाँस आदि) जुटाउने।<br>३. प्रशिक्षकले विद्यार्थीलाई टोपी बुनेर देखाइदिने।<br>४. विद्यार्थीलाई सामान वितरण गरी बुन्न लगाउने। | |
| २.गलबन्दी बुन्ने | क)सैद्धान्तिक ज्ञान (१.५९ घण्टा) | १. विद्यार्थीहरूलाई परिवारमा वा आफैंले गलबन्दी प्रयोग गर्नुभएको छ, छैन भन्ने प्रश्न गर्ने छलफल गर्ने र गलबन्दीको परिचय र महत्त्व बताइदिने। | ५.३३ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (३.७३ घण्टा) | १. कुनै एउटा गलबन्दी प्रदर्शन गर्ने।<br>२. प्रशिक्षकले गलबन्दी बुन्न सुरु गर्ने।<br>३. समूहका सबै विद्यार्थीलाई आवश्यक सामग्री (ऊनी वा धागो, कुरुष, काँटा आदि) तयार गर्न लगाउने।<br>४. सामग्री वितरण गरेर गलबन्दी बुन्न लगाउने। | |
| | क) सैद्धान्तिक ज्ञान | १. झोलाको प्रयोगबारे विद्यार्थीलाई प्रश्न गर्ने।<br>२. झोलाको परिचय र महत्त्व बताइदिने। | |

| | | | |
|---|---|---|---|
| ३.झोला बनाउने | (१.५ घण्टा) | | ६ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (३.७३ घण्टा) | १. ऊनी वा धागोको हातले बुनेको टोपी प्रदर्शन गर्ने।<br>२. टोपी बुन्न आवश्यक सामग्री (ऊनि, धागो, बाँस, काटा आदि) तयार गर्ने।<br>३. समूहका सबै विद्यार्थीहरूलाई सामग्री वितरण गरी टोपी बुन्न लगाउने। | |
| ४.मोजा बनाउने | क) सैद्धान्तिक ज्ञान | | |
| | ख) व्यवहारिक ज्ञान | | |
| ५.पन्जा बनाउने | क) सैद्धान्तिक ज्ञान | | |
| | ख) व्यवहारिक ज्ञान | | |
| ६. टेबलपोस बनाउने | क) सैद्धान्तिक ज्ञान | | |
| | ख) व्यवहारिक ज्ञान | | |

नोट : यसैगरी ठाउँ र विद्यालयको स्रोत साधन अनुसार ऊनी तथा धागोबाट अन्य सामान (ढाका निर्माण तथा सिलाई बुनाई) पनि निर्माण गर्न सकिने छ।

**सुरक्षा साबधानी (Safety Precautions) : :**

- यस मोड्युलमा प्रयोग भएका सामानहरु सुरक्षित ठाउँमा राख्ने
- तिखा तथा धारिला सामग्री प्रयोग गर्दा साबधानी अपनाउने

**मोड्युल . ५ दुना / टपरी निर्माण सम्बन्धि पाठयक्रम**

| |
|---|
| **विवरण (Descripation) :** पात सङ्कलन गर्ने, सिन्का व्यवस्थापन, पातबाट दुना निर्माण गर्ने, टप्परी निर्माण गर्ने कार्यहरूसँग सम्बन्धित ज्ञान सीपहरू समावेश गरिएका छन्। |
| **परिमाण (Outcome):** यस मोडेल पुरा भएपछि विद्यार्थी हरू उपयुक्त पाठ टिप्न सिन्का बनाउन पात जोडेर दुना टप्परी बनाउन सक्षम हुनेछन्। |
| **निर्देशनहरू (Instruction) :**<br>१. यस कार्यमा समूहका सबै विद्यार्थीहरूलाई व्यावहारिक सीप सिकाउन सकिन्छ।<br>२. सबै विद्यार्थीको समान सहभागिता हुने किसिमले Practical activities गराउनुपर्नेछ। |
| **समय (Duration) :** १५ घण्टा |

| विषयहरु | | कार्य र गतिविधि | समय |
|---|---|---|---|
| १.दुना टपरी निर्माण | क) सैद्धान्तिक ज्ञान (४.५ घण्टा) | १. दुना टपरीकाबारे बताउने दुना टपरी बनाउन योग्य पातहरू बारे जानकारी गराउने। | १५ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (१०.५ घण्टा) | १. विद्यार्थीहरूलाई दुना टप्परी बन्न सक्ने, चिल्ला किरा नलागेका सफा पातहरू संकलन गर्न लगाउने । र एउटै साइजमा पातहरूको बिटो बनाउन लगाउने। | |

**सुरक्षा साबधानी :**

- यस मोड्युलमा प्रयोग भएका सामानहरु सुरक्षित ठाउँमा राख्ने
- तिखा तथा धारिला सामग्री प्रयोग गर्दा साबधानी अपनाउने

**मोड्युल . ६. अचार बनाउने पाठ्यक्रम**

| |
|---|
| **विवरण (Descripation) :** यस मोड्युलमा पाठ्यक्रम मार्गदर्शनको आधारमा रहेर समूहका विद्यार्थीहरूलाई अचारको परिचय सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक सीप प्रदान गरी मुला, तामा, स्कुस, आँप, खुर्सानी, कागती, निबुवा , लप्सी आदिको अचार बनाउन सक्ने सिप प्रदान गर्नु हो। |
| **परिमाण (Outcome):** समुहका विद्यार्थीहरूलाई अचार बनाउने सैद्धान्तिक र व्यावहारिक वा प्रयोगात्मक ज्ञान दिइसकेपछि विभिन्न खाद्य पदार्थको अचार बनाउन सक्नेछन्। |
| **निर्देशनहरू (Instruction) :**<br>१. यस कार्यमा समूहका सबै विद्यार्थीहरूलाई व्यावहारिक सिप सिकाउन सकिन्छ।<br>२. सबै विद्यार्थीहरूको समान सहभागिता हुने किसिमले प्रयोगात्मक क्रियाकलाप गराउनुपर्नेछ। |
| **समय (Duration) :** १६ घण्टा |

| विषयहरु | | कार्य र गतिविधि | समय |
|---|---|---|---|
| १.अचार बनाउने | क)सैद्धान्तिक ज्ञान (१०.५ घण्टा) | १.विद्यार्थीहरूलाई अचारको प्रयोग गर्नुभएको छ छैन, भनी प्रश्न गर्ने घरमा अचार बनाउनुभएको छ छैन, भनी प्रश्न गर्ने विद्यार्थीहरूको उत्तरलाई पृष्ठपोषण दिंदै अचारको बारेमा बताइदिने। | १६ घण्टा |
| | ख) व्यवहारिक ज्ञान (४.५ घण्टा) | १. बट्टामा राखेको अचार प्रदर्शन गर्ने।<br>२. विद्यार्थीहरूलाई अचार बनाउन आवश्यक सामग्री तयार गर्न लगाउने।<br>३. समूहका सबै विद्यार्थीहरूलाई सामग्री वितरण गरी अचार बनाउन लगाउने। | |

**सुरक्षा साबधानी :**

- यस मोड्युलमा प्रयोग भएका सामानहरु सुरक्षित ठाउँमा राख्ने
- तिखा तथा धारिला सामग्री प्रयोग गर्दा साबधानी अपनाउने

## पाठ्यक्र मार्गदर्शनबारे शिक्षकको भूमिका

– यस पाठ्यक्रम मार्गदर्शनमा ७० प्रतिशत समय अभ्यासको लागि छुट्याइएको हुँदा अभ्यासबाट सैद्धान्तिक ज्ञान सिकाउनुपर्नेछ । सुरुवात कुनै सैद्धान्तिक भाषण र लेक्चरबाट नभई व्यवहारिक क्रियाकलापबाट सुरुवात गर्नुपर्नेछ।

– शिक्षामा सीप पाठ्यक्रम लचिलो अवधारणा अवधारणाबाट तयार गरिएको छ। यो शिक्षकको मित्र र सिकाई सहकार्यको प्रमुख सामग्रीको रूपमा रहनेछ।

– यसको आधारमा विद्यालयको शिक्षकहरूले हरेक शुक्रबार शैक्षिक क्यालेन्डर अनुसारको प्रमुख सदनात्मक तथा सहायक सदनात्मक कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

– यो पाठ्यक्रम मार्गदर्शन मुख्यतया शिक्षकको लागि तयार गरिएको हो । विद्यालय शिक्षामा सिकाई समस्या र रोग देखा परेको छ । मुख्यतया शिक्षकले शैक्षिक डाक्टरको रुपमा सिकाई संकट लाई उपचारत्मक विधिबाट समाधान गर्न विभिन्न योजना सो अध्ययन तथा लगनशील भएर विद्यार्थी तथा अभिभावकहरूलाई नेतृत्व र परिचालन गर्न पर्नेछ।

– निरन्तर खस्किरहेको शैक्षिक नतिजालाई शैक्षिक सङ्कटबाट उठाउन शिक्षकको प्रमुख भूमिका रहने भएकोले शिक्षकको सन्दर्भ सामाग्रीको लागि यस पाठ्यक्रम तयार गरिएको हो।

– सैद्धान्तिक शिक्षालाई सिपसँग जोड्ने तथा विद्यार्थी सिकाइको लागि आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० लाई आधार मानेर विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्नेछ।

– विद्यार्थीको उपस्थिति र सिकाई सहभागिता, प्रयोगात्मक सिर्जनात्मक कार्य तथा परियोजना कार्य र प्रस्तुतिकरण, विभिन्न आन्तरिक परीक्षा लगायत विभिन्न मूल्याङ्कनको आधारमा बालबालिकाहरूको नियमित मूल्याङ्कन गरी अभिलेख राख्नुपर्नेछ।

– यस पाठ्यक्रम मार्गदर्शनको मुख्य कार्यान्वयनकर्ता विद्यालयको शिक्षक भएको हुँदा विद्यालय सेवा क्षेत्रमा उपलब्ध विज्ञ जनशक्ति सामुदायिक विज्ञता भएका व्यक्तिहरू स्थानीय स्तरमा उपलब्ध विषयगत तथा प्राविधिक क्षेत्रका जानकार व्यक्तित्वहरू र विद्यार्थीहरूको सामूहिक संलता संलग्नतामा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

– शिक्षक सिकाइको नायकको रूपमा उपलब्ध स्थानीय स्रोतको महत्त्वम उपयोग गरेर सिकाई र सीप कार्यक्रम उच्च गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने छ।

– सकेसम्म कम लागत र कम मूल्यमा अर्थात् जिरो बजेट कार्यक्रम सञ्चालन गर्न प्रमुख भूमिका खेल्नुपर्नेछ।

– विद्यालयमा सञ्चालन भएको शिक्षामा सीप कार्यक्रमको समग्र अभिलेख तयार गरी शिक्षाशाहमा पेश गर्नुपर्नेछ।

– पाठ्यक्रम मार्गदर्शनको कार्यान्वयन गर्दा सुरुमा व्यावहारिक क्रियाकलाप गराउँदै सैद्धान्तिक कुराको जानकारी गराउनुपर्नेछ। व्यवहारिक सिपहरू सिक्दै जाँदा उनीहरुले स्वत सैद्धान्तिक ज्ञान हासिल गर्न सक्दछन् भन्ने ध्यय पाठ्यक्रमले लिएको छ।

## विद्यालय र प्रधानाध्यपको भूमिका

- पाठ्यक्रम मार्गदर्शन कार्यान्वयन गराउने मुख्य जिम्मेवारी प्रधानाध्यापकको हुनेछ।
- पाठ्यक्रम मार्गदर्शन विद्यालयको प्रधानाध्यापकहरूको काम कर्तव्य अधिकारलाई सहजीकरणमा सहयोग पुग्ने उद्देश्यले तयार गरिएको छ । यस पाठ्यक्रमको मुख्य रूपान्तरणकर्ता लिडर को रुपमा प्रधानाध्यापकले कार्य जिम्मेवारी सम्हाल्नेछन् ।
- सामुदायको विज्ञ कम्युनिटी विजडमको लगत राख्ने अभिलेखीकरण गर्ने योजना अनुसार चार मुख्य सदन र चार सहायक सदनको क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने मुख्य जिम्मेवारीकर्ता प्रधानाध्यापकको हुनेछ
- यो पाठ्यक्रम मार्गदर्शनले बोकेको मुख्य मर्म भनेको प्रयोग र व्यवहारिक सिकाइबाट सैद्धान्तिक कुराहरु सिक्ने अर्थात् आगमन विधिलाई अवलम्बन गरेको हुँदा गर्दै सिक्दै कार्यक्रमहरू सञ्चालन गराउन प्रोत्साहन गर्नुपर्नेछ।
- विद्यालयमा आवश्यक पर्ने स्रोत साधन तथा बजेटको व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति सहयोगी दाता तथा अभिभावकहरूसँग समन्वय गरी सकेसम्म कम लागत र मूल्य बाट पाठ्यक्रम मार्गदर्शनको प्रभावकारी कार्यान्वयन गराउनुपर्नेछ।
- प्रत्येक शुक्रबार पाठ्यक्रम मार्गदर्शन अनुसार सदनअनुरूप गरिने क्रियाकलाप अघिल्लो हप्ता नै विद्यालयको पेजबाट प्रकाशन गर्ने र सामुदायिक विज्ञ तथा स्थानीय विज्ञ समेतलाई जानकारी दिनुपर्ने छ।
- विद्यालय तथा शिक्षामा सीप कार्यक्रम सञ्चालनको सम्पूर्ण व्यवस्थापन र स्रोत सञ्चालनको मुख्य नेतृत्व लिने र सबल तथा सफल कार्यान्वयनमा निरन्तर जोड दिनुपर्नेछ ।
- विद्यालयमा कार्यगत जिम्मेवारी बाँडफाँड गरी निरन्तर शिक्षामा सीप र सिकाइबाट शैक्षिक पर्यटक भित्र्याउने सोचको साथ कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।
- यस कार्यक्रमको सञ्चालन गर्ने क्रममा कुनै घटना दुर्घटना हुन सक्ने भएकोले विद्यार्थीहरूलाई सधैं सावधानी हुन सचेत गर्ने लगायत क्रियाकलापहरु गर्नुपर्नेछ।

**विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको भूमिका**

- विद्यालय अभिभावकहरूको हो तसर्थ अभिभावकहरूले विद्यालयलाई आफूसँग भएको ज्ञान सीप योग्यता क्षमता दक्षता तथा समय उपलब्ध गराउनुपर्नेछ।
- आफ्नो बालबालिकालाई आफ्नै सहभागिता र साझेदारीमा लगानी गर्नुपर्ने कार्यलाई सदैव साथ सहयोग समन्वय र सहकार्य गर्नुपर्नेछ।
- विद्यालयमा आएर आफूसँग भएका महत्त्वपूर्ण तथा परम्परागत सीप ज्ञान आफ्ना छोराछोरीलाई विद्यालयले सूचित गरे अनुसार निरन्तर सिकाउनुपर्नेछ।
- विद्यालयमा निःशुल्क श्रमदान गर्ने सदैव एकताबद्ध भई आफ्नो विद्यालय आफै बनाउने अभियानमा जुट्नुपर्नेछ।
- विभिन्न साधनात्मक क्रियाकलापहरू सञ्चालन गर्दा आवश्यक पर्ने स्रोत साधनहरू निःशुल्क रुपमा विद्यालयलाई हस्तान्तरण गर्ने प्रदान गर्ने लगायत क्रियाकलापमा सधैं सहयोग गर्ने तथा अनुकूल वातावरण तयार गर्न एकजुट हुनुपर्नेछ।
- विद्यालयमा आफ्ना बालबालिकालाई नियमित रूपमा सरसफाई साथ पठाउने तथा दैनिक बिहान बेलुका घरमा पठनपाठन गर्न, लेख्न सिकाउनु पर्नेछ।
- विद्यालयमा बालबालिकाहरूले सिकेका कुराहरू आफ्नो घरमा उनीहरुले व्यवहार परिवर्तन भए नभएको मूल्याङ्कन गर्नुपर्नेछ।
- बालबालिकालाई आवश्यक मात्रामा चाहिने आधारभूत कपी कलम झोला छाता व्यवस्थापन गरिदिनुपर्नेछ।
- नानीबाबुहरू विद्यालय आए नआएको बिरामी आदिको बारीमा जानकारी लिने दिने क्रियाकलापमा सक्रियताका साथ संलग्न हुनुपर्नेछ।
- आफ्ना बालबालिकाहरूको सिकाई सम्बन्धी विषयमा निरन्तर विद्यालयमा चासो राख्ने तथा जानकारी लिने दिने कार्य गर्नुपर्दछ।
- विद्यालयको सदनात्मक कार्य तथा बैठक कार्यक्रमहरूमा नियमित सहभागी हुनुपर्नेछ।
- मेरो विद्यालय म आफैं बनाउँछु भन्ने अवधारणाका साथ विद्यालयको विविध पक्षमा आवश्यक सहयोग जुटाउन सदैव सक्रिय रहनुपर्नेछ।

**गाउँपालिकाको भूमिका**

- गाउँपालिकाबाट विद्यालयलाई आवश्यक पर्ने स्रोत साधन तथा जग्गाको व्यवस्थापनमा सहयोग सहजीकरण गर्नुपर्नेछ।
- शिक्षक प्रशिक्षकहरूलाई तालिम तथा विभिन्न सिपयुक्त कार्यहरूको व्यवस्थापन गर्नुपर्नेछ।
- स्थानीय स्तरमा उपलब्ध हुन नसकेको जनशक्ति उपलब्ध गराउन सहयोग समन्वय तथा विभिन्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।

- यस पाठ्यक्रम मार्गदर्शन अनुरूप यस कार्यक्रम कम लागत र मूल्यमा सञ्चालन हुने भएको हुँदा आवश्यक सैद्धान्तिक तथा प्राविधिक सहयोगमा निरन्तर रुपमा गाउँपालिकाको सहजीकरण समन्वय र अभिभावकत्व ग्रहण गरी सहयोग गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालन भएपश्चात् निरन्तर प्रोत्साहन गर्ने क्रियाकलापहरू तथा बजेट विनियोजन गरी विभिन्न रूपान्तरणकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।
- नियमित रूपमा अनुगमन सुपरिवेक्षण तथा हौसला प्रदान गर्नुपर्नेछ।

**PROJECT 1: मूल्याङ्कन तथा प्रतिवेदनको ढाचाँ ।**

शिर्षकः

पृष्टभुमि

<u>सिकाइ उपलब्धि</u>

यस परियोजना कार्यमार्फत विद्यार्थीहरुले निम्न कुराहरू सिक्नेछन् ।

१.

२.

<u>आवश्यक सामग्री</u>

अनुसन्धानका लागी आवश्यक सामाग्रीहरू :

१. डाटा र तथ्याङ्क:

- 
- 

२.सन्दर्भ सामग्री:

- 
- 

३. फिल्ड अध्ययन उपकरण:

- 
- 
- 

**परियोजना प्रस्तुतिकरणका लागि सामाग्री :**

१. भिजुअल एड्स :

- 
- 

२. मोडेल / प्रदर्शन :

- 
- 

३. इन्टरभ्यू/सर्वेक्षण:

- 
- 
- 

**प्रस्तुतिकरण ढाँचा:**

- पावरपोइन्ट स्लाइड (डाटा, फोटो, निष्कर्ष सहित)।
- प्रोजेक्ट रिपोर्ट (भूमिका, विधि, नतिजा, सुझाव समावेश गरी)।

**परियोजना कार्यमा STEAM का खण्डहरु :**

**१. विज्ञान (science) को प्रयोग :**

क)

ख)

ग)

घ))

**२. प्रविधि (Technology) को प्रयोग :**

क)

ख)

**३.कला (Arts) को प्रयोग :**

क)

ख)

ग)

घ)

**४. गणित (Mathematics) को प्रयोग :**

(क)

-
-

ख) डेस्क्रिप्टिभ स्ट्याटिस्टिक्स (Descriptive Statistics)

उदाहरण :

**परियोजना कार्य स्थलगत प्रयोग : ( १ घण्टी = ४५ मिनेट )**

**पहिलो दिन (१ घण्टी)**

१.

२.

**दोस्रो दिन (३ घण्टी)**

१.

२.

३.

४.

५.

**तेस्रो दिन (२ घण्टी)**

१.

२.

३.

**चौथो दिन (२ घण्टी)**

१.

२.

३.

**पाँचौँ दिन (२ घण्टी)**

यस विषयमा निबन्ध लेख्न लगाउने ।

**छैठौँ दिन (२ घण्टी)**

प्रारम्भिक रिपोर्ट लेख्न लगाउने ।

**सातौँ दिन (३ घण्टी )**

सम्पूर्ण रिपोर्ट परिमार्जन र सुधार

**आठौँ दिन ( २ घण्टी )**

अन्तिम समिक्षा, टिम मिटिङ र प्रस्तुतिकरण अभ्यास ।

**नवौँ दिन ( २ घण्टी )**

अन्तिम प्रस्तुतिकरण र परियोजना बुझाउने ।

निर्माणात्मक मूल्याङ्कनका सूचकहरू

| क्र.सं | मूल्यांकन आधार | उत्कृष्ट (२) | राम्रो (१.५) | सामान्य (१) | न्यून (०.५) |
|---|---|---|---|---|---|
| १. | अनुसन्धान र डेटा संकलन | विस्तृत अनुसन्धान प्रमाणसहितको डेटा, उचित स्रोतहरूको प्रयोग | राम्रो अनुसन्धान, तर केही डेटा अपर्याप्त | सामान्य अनुसन्धान, सीमित डेटा स्रोतहरू | सीमित अनुसन्धान, आधिकारिक डेटा कमी |
| २. | प्रतिवेदन संरचना र स्पष्टता | स्पष्ट शीर्षक, व्यवस्थित अनुभाग, प्रवाह राम्रो | संरचना राम्रो तर केही भाग अस्पष्ट | सामान्य संरचना, प्रवाहमा सुधार आवश्यक | संरचना अव्यवस्थित, स्पष्टता कमी |
| ३. | विश्लेषण र निष्कर्ष | तथ्यहरूमा आधारित स्पष्ट निष्कर्ष, गहिरो विश्लेषण | तथ्यहरूमा आधारित तर केही विश्लेषण कमी | सामान्य विश्लेषण, निष्कर्ष अलि अस्पष्ट | कमजोर विश्लेषण, निष्कर्ष अस्पष्ट |
| ४. | प्रस्तुतीकरण | प्रभावकारी प्रस्तुति, राम्रो दृश्य सामग्री, स्पष्ट व्याख्या | राम्रो प्रस्तुति, तर केही सुधार आवश्यक | सामान्य प्रस्तुति, अलि अस्पष्ट व्याख्या | कमजोर प्रस्तुति, सामग्री असंगत |
| ५. | सृजनात्मकता र नवविचार | नयाँ विचार, रचनात्मक प्रस्तुति, नवीन दृष्टिकोण | केही नयाँ विचार, तर सीमित नवविचार | सामान्य सृजनात्मकता, परम्परागत शैली | न्यून सृजनात्मकता, रूढीवादी विचार |
| ६. | टोली कार्य र समय व्यवस्थापन | राम्रो समन्वय, समयमै पूरा | राम्रो समन्वय, तर केही ढिलाइ | सामान्य समन्वय, केहि अव्यवस्था | कमजोरीयुक्त समन्वय, ढिलाइ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | गणितीय सिपको प्रयोग | अवस्था अनुसार सहि सुत्र को प्रयोग र सहि गणना | सुत्र मिलेको तर गणना पुरा नमिलेको | सुत्र मिलेको तर गणना नमिलेको | सुत्र अवस्था अनुसार नमिलेको तर मिलेको सुत्र चै उल्लेख भयको |
| ८. | प्रविधिको प्रयोग | पूर्ण र प्रभावकारी नवीनतम उपकरण र विधिहरू समावेश | केही कमजोरी वा नवीनतम विधि नअपनाइएको | सामान्य तरिकाले प्रविधि प्रयोग गरिएको, तर गहन प्रयोग, विश्लेषण वा नतिजा अपर्याप्त | प्रविधिको प्रयोग न्यून, गम्भीर त्रुटि वा अप्रासंगिक प्रयोग भएको |
| ९ | | | | | |
| | | | | | |

**Sample Rubrics for Group Activity/ cooperative learning For Teachers.**

**(शिक्षक मार्फत गरिने मूल्याङ्कन)**

| Criteria | Outstanding(3) | Satisfactory(2) | Fair(1) |
|---|---|---|---|
| विषयगत ज्ञान | | | |
| सक्रिय सहभागिता | | | |
| Teamwork | | | |
| Promptness(completion of time) | | | |
| व्यवहारकुशल सिप | | | |
| - | | | |
| - | | | |

**Sample Rubrics for Group Activity/ cooperative learning For Parents.**
**(अभिभावक मार्फत गरिने मूल्याङ्कन)**

| Criteria | Outstanding(3) | Satisfactory(2) | Fair(1) |
|---|---|---|---|
| व्यबहार परिवर्तन | | | |
| बोलिचालीमा सुधार | | | |
| सहयोग समन्वय | | | |
| घरायसीकाममा सहयोग | | | |
| - | | | |
| - | | | |
| - | | | |

**Sample Rubrics for Group Activity/ cooperative learning For Students.**
**(विद्यार्थी स्वयंले गरिने मूल्याङ्कन)**

| Criteria | Outstanding(3) | Satisfactory(2) | Fair(1) |
|---|---|---|---|
| शिक्षकले सिकाउनु भएको विषयबस्तु | | | |
| शिक्षकले सिकाउनु भएको विधि | | | |
| शिक्षकको सहयोग समन्वय | | | |

| | | | |
|---|---|---|---|
| सिकाई प्रतिको संतुष्टि | | | |
| - | | | |
| - | | | |
| - | | | |
| | | | |

## Project 2: SMALLS (Integrated STEAM) Project Work Plan

## Based on research project model

**परियोजना कार्य थीम (Theme):** **मिति (Date):**

**Class/es (कक्षा/हरू):**

**परियोजना कार्य अवधि (Project Work Period):**

**परियोजना कार्य पेश गने मिति (Project Work Submission Date):**

**शिक्षकहरू (Teachers):**

**परियोजना कार्यका उपलब्धिहरू (Project Work Outcomes):** Mention the specific project

outcomes

**विषयहरु तथा पाठ्यक्रममा आधारित सिकाई उपलव्धिहरु (Subjects and Curriculum-based**

**Learning Outcomes:** Mention the subjects and the learning outcomes based on the curricula of all

Subjects to be used in the activity by aligning them with the project work outcomes.

| | |
|---|---|
| **Science** | |
| **Mathamatics** | |
| **Arts** | |
| **Engineering** | |
| **Nepali** | |
| **English** | |
| **Social** | |

**शिक्षण-सिकाई सामग्रीहरू (Teaching-Learning Materials):** Mention the list of tangible and intangible teaching-learning materials to be used in the activity.

| |
|---|
| |

**व्यवहारकुशल सिपहरू (Soft Skills):** परियोजना कार्यको क्रममा प्रयोग हुने र विकास गरिने

सम्भावित व्यवहारकुशल सीपहरू व्याख्या सहित उल्लेख गर्नुहोस । [e.g., समालोचनात्मक सोच (Critical Thinking Skills), रचनात्मक/सृजनशील शशप (Creative Skills), सहयोग/सहकार्य शिप (Cooperation/Collaboration Skills), सञ्चार सिप (Communication Skills), नेतृत्व सिप (Leadership Skill), सोचाई सिप (Thinking Skills), वैयक्तिक सिप (Intrapersonal Skills), अन्तर वैयक्तिक सिप (Interpersonal Skills), सूचना प्रविधि तथा बहुसाक्षरता सिप (Information communication and multiliteracy skills), नागरिक सिप (Citizenship Skills), आदि]

**DAY/ THEME WISE SMALLS INTEGRATION TABLE**

| SMALLSS Dimension | Day 1 Awakening Activity | Day 2 Dialogic Activity | Day 3 Integrative Activity | Day 4 Multidimensional Activity | Day 5 Collaborative Activity | Day 6 Cosmic Activity | Total Activities |
|---|---|---|---|---|---|---|---|
| Science | अवलोकन | Inquiry | संरचना अध्ययन | विश्लेषण | अनुसन्धान | ecosystem reflection | |
| Mathematics | pattern noticing | logical reasoning | measurement | pattern analysis | group data | symmetry | |
| Arts | imagination drawing | role play | leaf printing | craft/model | poster design | mandala art | |
| Language | storytelling | Dialogue | poetry writing | Reflection | presentation | gratitude writing | |
| Local Wisdom | personal experience | cultural discussion | local uses | ecological relation | community mapping | traditional ecological wisdom | |
| Serofero | nature observation | environmental dialogue | environmental role | harmony discussion | eco-project | sustainability reflection | |
| STEAM Engineering | observation | problem inquiry | design challenge | model construction | collaborative design | regenerative thinking | |

**सिकाइ कृयाकलापहरू (Learning Activities):**

• ***शिक्षकहरूको भूमिका (Teachers' Roles):*** Mention the roles of the teachers in bullet points such as group division, facilitation, observation, feedback, etc.

• ***विद्यार्थीहरूको भूमिका (Students' Roles):*** Mention the day-wise step-by-step activities that students will perform during the project work activities.

| |
|---|
| Day 1: |
| Day 2: |
| Day 3: |
| Day 4: |
| Day 5: |
| Day 6: |

• **Project Work Report (परियोजना कार्य प्रतिवेदन):** Ask students to submit the project work report in the form of booklet after the completion of the project work.

• **प्रस्तुति (Presentation):** After preparing the project report, ask students to prepare the slides for the group presentation. During the presentation, the teachers provide constructive feedback and comments. Finally, the students will address the feedback and comments in the project work report and submit the final project work report in the form of a booklet.

• **Individual Reflective Journal (व्यक्तिगत प्रतिबिम्बित जर्नल):** Ask each student to write critical reflection on their individual learning from the beginning of the project work to the end. While writing it, the students can write their pain and gain both. (सुरुदेखि अन्त्यसम्म आफ्नो व्यक्तिगत सिकाइ अनुभवको प्रतिबिम्ब लेख्नुहोस। )

**रुब्रीक्स प्रयोग गरि सिकाइ मूल्याङ्कन (Learning Assessment Using Rubrics):** Develop criteria (५/६) measuring criteria) with suitable measuring ranges as shown in the table below and assessing the student

overall learning. Note: Always include at least one interdisciplinary skill as a measuring criterion.

| Name Of The Student: ABC | | | | |
|---|---|---|---|---|
| **Measuring Ranges →** (मापन दायिा / श्रेणी)<br>**Measuring Criteria ↓** (मापन सूचक/मापदण्ड) | **Outstanding** [उत्कृष्ट] **(4)** | **Excellent** [अत्तिउत्तम] **(3)** | **Good** [उत्तम] (२) | **Developing** [सुधारात्मक] (१) |
| **Content Knowledge** | | | | |
| **Project Work Report** | | | | |
| **Individual Reflective Journal** | | | | |
| **Presentation Skills** | | | | |
| **Collaborative Skills** | | | | |
| **Highest Marks** | | | | |
| **Lowest Marks** | | | | |
| **Marks Obtained** | | | | |
| **Percentage** | | | | |
| **Letter Grade** | | | | |